नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(प्रशासन शाखा)
सिद्धार्थनगर, रुपन्देही

☎ कार्यालय :-०७१- ५७०१५९
प्र.जि.अ. ९८५७०७७७७७
स.प्र.जि.अ.:- ९८५७०३५१११
स.प्र.जि.अ.:- ९८५७०१८७७७
Email: daorupandehi@gmail.com
daorupandehi@moha.gov.np

पत्र संख्या :- प्र./०८३/०८४
च.नं. :-

मिति २०८३/०७/११

## उच्च सतर्कता अपनाउने सम्बन्धमा अत्यन्त जरुरी सार्वजनिक सूचना !

राष्ट्रिय विपद् जोखिन न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको च.नं. १०८० मिति २०८३/०७/११ गतेको पत्रसाथ संलग्न सूचनामा बंगालको खाडीमा रहेको 'अर्नव' चक्रवात थप शक्तिशाली बन्दै गएको र यो अति शक्तिशाली हुने सम्भावना रहेकोले विशेष गरी आगामी कार्तिक १३ गते शुक्रवार र कार्तिक १४ गते शनिवार कोशी, बाग्मती, मधेश, गण्डकी र लुम्बिनी प्रदेश बढी प्रभावित हुने एवं यी प्रदेशका धेरै स्थानमा चट्याङ, हावाहुरी सहित मध्यम सम्मको र थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेकोले संभावित जोखिम न्यूनिकरणका लागि कार्तिक १२, १३ र १४ गते उच्च सतर्कता अपनाउनुहुन र पूर्व तयारीका लागि निम्न कार्य गर्नु गराउनुहुन जिल्लाबासी नागरिकहरुमा अनुरोध छ।

**निम्न :-**

- धानबाली काट्ने, भित्र्याउने लगायतका कृषि कार्य कार्तिक १२ गते, बिहिवार अगाडी नै गर्ने, गराउने।
- सडक तथा हवाई यातायात लगायत दैनिक जनजीवन प्रभावित हुनसक्ने भएकाले आवश्यक सतर्कता अपनाउने। सो अवधिभर अत्यावश्यक नपरी यात्रा नगर्ने, नगराउने।
- सबै स्थानीय तहहरु, सुरक्षा निकाय लगायत सरोकारवाला सबैले आम सर्वसाधारणलाई जोखिमबारे सुसूचित गर्ने। प्रतिकार्यका लागि तयारी अवस्थामा रहने।
- जोखिमयुक्त स्थानमा रहेका व्यक्ति, घरपरिवारको पहिचान गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गराउने।
- विपद्का समयमा प्रयोग हुने एम्बुलेन्स, दमकल, डोजर लगयतका उपकरण, स्वास्थ्यकर्मी तथा औषधीजन्य सामग्रीहरु तयारी अवस्थामा राख्ने।
- नेपाल मौसम विज्ञान विभाग लगायतका सम्बन्धित आधिकारिक निकायबाट जारी हुने अद्यावधिक पूर्वानुमान/पूर्वसूचना/चेतावनी पालना गर्ने, गराउने।
- मौसम सम्बन्धी जानकारीका लागि ११५५, विपदमा मद्दत माग्न १२३४ वा १०० वा १११४ मा सम्पर्क गर्ने।

**मिति २०८३ कार्तिक ११ गते।**

०८३/७/११

.....................................
**(लेखनाथ न्यौपाने)**
**सहायक प्रमुख जिल्ला अधिकारी**
**जिल्ला प्रशासन कार्यालय, रुपन्देही**